प्रभावको विषयमा परिचय पायौं । जसको प्रत्यक्ष प्रमाण काठमाडौंमा देखियो । तर जुन राजनीतिक विचार धाराले विध्वंश र एकपक्षीय प्रचार भइरहेको थियो । त्यसले मानव समाजको सबै पक्षलाई सहजै स्वीकार्य भइरहेको थिएन । जुन राजनीतिक सिद्धान्तमा धर्म नीति समावेश हुँदैन त्यसले मानिसको आर्थिक विकासको बाटो प्रशस्त गर्न सक्दैन । करिब ७५ वर्षसम्म दुनियाका कैयौं देशहरुमा साम्यवादी सिद्धान्तको प्रयोग भइरहेको छ, तर अन्ततः असफलसिद्ध भएको छ । यसै कारण असफल भयो कि त्यहाँ केवल एकपक्षीय राजनीतिक सिद्धान्त छ जहाँ हिंसा र हठधर्मिता भरिएको छ । मतान्ध सिद्धान्त आजसम्म न सफल भएको छ न हुन्छ । मताग्रह पनि आफैंमा एक वैचारिक हिंसा हो । त्यस दिन बन्दको आव्हानले काठमाडौंको जनजीवन ठप्प भएको थियो तर सन्तोषको विषय यो थियो कि त्यस दिन कुनै अप्रिय घटना घटेन । बन्दको अवसरमा दुर्घटना भइरहेको हुन्थ्यो ।

दुई दिनको प्रवासपछि हामी फेरि कमलपोखरी जैन भवनमा फिर्ता आयौं । तर त्यहाँ आउनुभन्दा अगाडि हामी बागमती नदीको किनारमा रहेको ललितपुरका भक्तहरुका घरमा गयौं र उहाँहरुको आतिथ्य सत्कार ग्रहण गऱ्यौं । कमलपोखरीको जैन भवन कैयौं दिनसम्म हाम्रा गतिविधिहरुको केन्द्रविन्दु बन्यो । यसकारण कुनै निर्धारित कार्यक्रम पूरा गर्नका लागि त्यहाँबाट बाहिर जाने र फिर्ता आउने क्रम जारी रह्यो । केही त्यस्तै स्थिति रह्यो, उडी जहाजको पंक्षी फेरि जहाजपै आवै । वैशणवभक्त कवि सुरदासको यो प्रसिद्धपंक्ति आत्माको बारबार जन्म हुने र बारबार मरण हुने सन्देश थियो । यसकारण जैन धर्म मनुष्यलाई मुक्तात्म हुनको लागि सत्प्रेरणा दिन्छ । ताकि ऊ पटकपटक जन्म लिने र पटकपटक मर्ने दुःखबाट बच्न सकोस् । जन्ममरणको चक्रबाट छुट्न मनुष्यको परम गतिका लागि यो नै एक मात्र बाटो हो । जैन मत भन्दछ- जसलाई मोक्षको प्राप्ति भयो उसलाई यो संसारमा पुनरागमन हुँदैन । ऊ जन्म-मरणको चक्रबाट मुक्त हुन्छ । तर उसको मुक्ति कुनै अद्‌भूत

आदिभौतिक शक्तिको पूजाअर्चनाबाट हुँदैन । उसलाई केवल ज्ञान, अर्थात् मोक्ष ऊ स्वयंद्वारा गरिने सत्कर्मबाट प्राप्त हुन्छ । जो आफ्नो आत्माको सत्य, अहिंसा, करुणा, क्षमा आदि सद्‌गुणहरुको पवित्र प्रकाशद्वारा सदैव प्रकाशित गर्दै रहन्छ, प्राणीमात्रलाई सेवा गर्दै आफैंमा आस्था राख्दछ । त्यही नै ज्ञानको आधिकारिक हुन्छ । तर, आफ्नो अज्ञान र अन्धविश्वासले घेरिएर अन्धकारबाट बाहिर निस्कने जो बाटो छ, उसलाई पनि बताइदिने कुनै व्यक्ति चाहिन्छ । जैन धर्मले केही बाटो मनुष्यहरुलाई देखाउँदै आईरहेको छ ।

हाम्रो जन्म दिन जैन भवनमा ८ अप्रिल शनिबार मनाइयो । यस अवसरमा नेपालका अनेकौं गन्यमान्य व्यक्तिहरु उपस्थित हुनुहुन्थ्यो । यस्तो एउटा संयोग बन्यो विक्रम सम्वत्‌को तिथि र जन्म दिन एकै दिन परेको रहेछ । सामान्य रुपमा कुनै तडकभडक बिना हाम्रो जन्मोत्सव एउटा सुन्दर ढङ्गले सम्पन्न भयो ।

९ अप्रिलमा काठमाडौंका महिला मण्डलको तत्वाधानमा जैन संगीत प्रतियोगिताको आयोजना गरियो । त्यसमा अनेकौं गन्यमान्यहरुको पनि उपस्थित थियो । कैयौं गायकहरुले त्यसमा भाग लिए । उनीहरुले गाइएको गीतमा मानव-मानवबीच प्रेम, सद्‌भाव भरिएको थियो । यस्ता आयोजनाले जीवनको एक मार्ग हराउँछ र एकअर्कोप्रति प्रेमको उद्‌भावना जाग्छ । प्रतियोगितामा जो श्रेष्ठता भरियो त्यसले अर्काका लागि प्रेरणादायी सिद्ध हुन पुग्यो । सफल प्रतियोगी ईर्ष्या द्वेष होइन, प्रेरणाको पात्र बन्दछ । जसमा प्रेरित भएर अन्य कलाकारहरु गायक र अन्य विषयका कलाकारले श्रेष्ठता पाउनको लागि अगाडि बढ्दछ ।

यसप्रकार हाम्रो कार्यक्रम व्यवस्थित भइरहेको थियो । हाम्रो प्रवासका प्रतिदिन केही न केही कार्यक्रम सम्पन्न भईरहेका थिए । ९ अप्रिल राम नवमीका पवित्र दिन । नेपालका पूर्व प्रधानमन्त्री एवं राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष सूर्यबहादुर थापासँग हाम्रो भेटवार्ता हुने कार्यक्रम निर्धारित गरियो ।

तर जुन दिन हामी उत्सुकताका साथ प्रतिक्षा गरिरहेका थियौं, त्यो दिन आएता पनि हाम्रो जन्म भूमिका प्रधानमन्त्रीका साथ हाम्रो वार्ता हुने सुयोग मिल्न सकेन। उहाँसँग भेट हुन नसक्नुमा हाम्रो अति व्यस्तताका कारण देखियो। त्यसै दिन दोस्रोपटक भेटघाटको निर्धारित कार्यक्रममा पनि केही कठिनाइ भयो। उहाँसँग हाम्रो अर्को भेटवार्ता १४ अप्रिलको दिन भयो। नेपालका कुनै वरिष्ठ नेताहरुसँगको हाम्रो भेटघाट यो पहिलो अवसर थियो। मानव मिलन संस्थाको सम्बन्धमा उहासूग विशेष चर्चा भयो। जसप्रति उहाँले उत्साह देखाउनु भयो र उद्देश्यलाई प्रशंसा गर्नुभयो।

त्यसैदिन अपरान्ह विश्व हिन्दू महासंघको तत्वावधानमा आयोजित राम नवामी कार्यक्रममा भाग लिनको लागि हामी त्यहाँ गयौं। त्यहाँ हाम्रो जन्मस्थानका नजिक रहनु हुने कैयौं वरिष्ठ व्यक्तिहरुसँग हाम्रो भेटघाट भयो। उहाँहरुले त्यस क्षेत्रका परिस्थितिबारे जानकारी दिनुभयो। राम नवमीको अवसरमा आयोजित ओमकार परिवारका चार व्यक्तित्वहरुलाई सम्मान गरियो। जैन मतालम्बीहरुको तर्फबाट हामीलाई सम्मान गर्ने कार्यक्रम राखिएको रहेछ। त्यो सम्मान राजपरिषद्का सभापति डा.केशरजंग रायमाझीद्वारा प्रदान गरिने कार्यक्रम थियो। यो रुपमा सम्मानित हुने मेरो लागि पहिलो अवसर थियो।

१३ अप्रिल २००० का दिन विश्व हिन्दू खालसा त्रिशताब्दी समिति काठमाडौंको तत्वावधानमा ललितपुर गुरुद्वारामा गुरु गोविन्दसिंहजीको त्रिशताब्दी जन्म समारोहमा भव्य र ठूलो कार्यक्रम आयोजित गरिएको थियो। उहाँ सिख धर्मको अन्तिम अर्थात् १० औं गुरु हुनुहुन्थ्यो। गुरु गोविन्दसिंहजीको प्रादुर्भाव र उहाँद्वारा खालसा पन्तको स्थापना, भारतीय इतिहासमा एक उल्लेखनीय घटना हो। उहाूले तरबारको मुकाबिला तरबारले गर्नुभयो। उहाँले खालसा पन्तको स्थापना त गर्नुभयो तर त्यसको विस्तारको लागि शक्तिको तागकलाई उपयोग गर्नु भएन। जस्तो कि मुसलमान शासकहरुले ईस्लामका लागि

गर्नुभएको थियो र उहाँकै समयमा पनि यो क्रम जारी थियो। मुस्लिम शासकहरुद्वारा धर्म परिवर्तनको जुन नीति अपनाईएको थियो त्यसको उहाँले सबैभन्दा प्रबल विरोधी सावित हुनुभयो। एक महान् योद्धा एक राजनीतिज्ञ र एक सन्त यी तीनै रुपमा उहाँको व्यक्तित्व प्रस्फुटित भएको थियो।

सो त्रिशताब्दी जन्म समारोहमा भारतका राजदूत के.बी.राजन, राजपरिषद्का सभापति लगायत अन्य गणमान्य व्यक्तिहरुको उपस्थिति थियो। समारोहमा हामी पनि आमन्त्रित थियौं। यस अवसरमा उपस्थित विशाल जनसमुदायलाई हामीले सम्बोधन गर्‍यौं। कुनै गुरुद्वारामा गएर यतिधेरै जनसमूहलाई सम्बोधन गर्ने यो पहिलो अवसर थियो। हामीले आफ्नो प्रवचनमा सत्य आचरण, अहिंसा पालन र मानव सेवामा विशेष जोड दियौं।

## महावीर जयन्तीको अवसरमा प्रवचन

१५ अप्रिलका दिन हाम्रा जीवनका लागि ऐतिहासिक दिन सावित भयो। भगवान् महावीर जयन्तीको उपलक्ष्यमा नेपाल टेलिभिजन र रेडियो नेपालबाट नेपाली भाषामा हाम्रो प्रवचन प्रसारण भयो। यस प्रकार भगवान् महावीरका बाणी नेपालीको घरघरमा पुग्यो। शायद नेपालको इतिहासमा यो प्रथम घटना थियो जब एक जैन साधुको नेपाली भाषामा दिएको प्रवचन नेपाल टेलिभिजन र रेडियो नेपालबाट प्रसारण भैरहेको थियो। हामीलाई अत्यन्त प्रसन्नता यस कारण भयो कि भगवान् महावीरको पवित्र वाणी घरघरमा पुऱ्याउने सुनौलो मौका मिलेको थियो। हामीले प्रवचनमा भन्यौं - यो प्रकृतिको अटल नियम हो कि जब अत्याचार आफ्नो चरम सीमासम्म पुग्दछ। अधर्मले धर्मको मोहक बाना (भेष) पहिरेर जनतालाई भ्रमको बन्धनमा बाँधिदिन्छ। तब कोही न कोही महापुरुषको अवतरणको प्रतीक्षा गरिरहेको हुन्छ। अत: भगवान् महावीरले यस धरतीको उद्दारका लागि तत्कालिन विदेह र आजको विहार (भारत) प्रदेशवर्ती बैशाली महानगरीको उपनगर क्षत्रिय कुण्ड ग्राममा ज्ञात बंशी क्षत्रिय राजा विद्धार्थ र रानी त्रिशलाको काखमा जन्म ग्रहण

गर्नुभयो। इतिहाससभा चैत्र शुक्ल त्रयोदशीको यो पवित्र दिन हो। जुन चिरकालसम्म जनमानसमा अविस्मरणीय बनिरहनेछ। भगवान महावीरको जन्म दिन हुने सौभाग्य यसै पवित्र दिनलाई प्राप्त भएको छ।

महावीर राजकुमारको चारैतिर सांसारिक सुख, वैभव थियो। यो सबै भए पनि महावीरको हृदय वैभव वैराग्यमा रहन्थ्यो। भारतको धार्मिक तथा सामाजिक अवस्थाले उनलाई बेचैन बनाइदिन्थयो। क्रान्तिको प्रचण्ड ज्वालाभित्रै भित्र बलिरहन्थ्यो। हृदय मन्थल चलिरहन्थ्यो। अन्ततोगत्वा ३० वर्षको भरिभराउ जवानीमा मंसिर कृष्ण दशमीको दिन विदेहको विशाल राज्य लक्ष्मीलाई छोडी पूर्ण अंकिचन भिक्षु बनेर निर्जन वनतिर आत्म साधनाका लागि जानुभयो। अत १२ वर्ष ३ महिनाको कठोर साधना पछि वैशाख शुक्ल दशमीको दिन ऋजुबालुका नदीको तीरमा शाल वृक्ष मुनी ध्यानमुद्रामा महावीरलाई कैवल्य ज्ञानको अखण्ड प्रकाश प्राप्त भयो। अब उनी तीर्थकरको भूमिका ज्योतिमा पुग्नुभयो।

मानिस जन्मले भगवान हुँदैन। भगवान पद प्राप्तिको लागि साधनको निकट पथमा हिड्नु पर्दछ। जीवनलाई निष्काम एवं निष्पाप बनाउनु पर्दछ। सेवा सद्भाव तथा संयमको उच्चतम साधना गर्नुपर्दछ। तब मानिस भगवत्पदको अधिकारी हुन्छ। भगवान महावीरको जीवनले हाम्रो समक्ष आध्यात्मिक विकासक्रमको उज्जवल आदर्श उपस्थित गर्दछ।

महावीरको अहिंसा प्रधान तथा सदाचारमूलक धर्मोपदेशले पृथ्वीको कायापलट भयो। हिंसक विधि विधानहरुमा लागेका ठूलाठूला दिग्गज विंद्वान पनि भगवानको चरणको पुजारी बने।

महावीरको धर्म संघमा जहाँ भिक्षुहरुको संख्या १४ हजार थियो। त्यहाँ भिक्षुणीहरुको संख्या ३६ हजार थियो। श्रावक १ लाख ५९ हजार श्राविकाहरुको संख्या ३ लाख १८ हजार थियो। स्त्री जातिका लागि भगवानको धर्म प्रवचनमा पनि महान् आकर्षण थियो। यसको अनुमान उपरोक्त संख्याहरुद्वारा गर्न सकिन्छ।